राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

## आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको Online फाराम भर्ने सूचना

मिति : २०७५।१२।२२

लोक सेवा आयोगबाट प्राप्त सहमति तथा यस बैंकको पदपुर्ति समितिको निर्णयानुसार यस बैंकमा रिक्त रहेको तपसिलमा उल्लेखित पदहरुमा यस बैंकको कर्मचारी सेवा विनियमावली, २०७० (चौथो संशोधन) को विनियम ६ को उप विनियम ६ मा भएको व्यवस्था अनुसारको शैक्षिक योग्यता पुगेका एक तह मुनिका बढुवाको लागि चौथो संशोधन पूर्वको विनियम (२१) बमोजिम आवश्यक न्यूनतम स्थायी सेवा अवधि पूरा भएका तथा विनियम (२३) बमोजिम बढुवाका लागि कुनै बन्देज नलागेका सम्भाव्य कर्मचारीहरुबाट आन्तरिक प्रतियोगितात्मक परीक्षा (लिखित तथा अन्तरवार्ता अधिकृत स्तर तह ९ र १० को हकमा प्रस्तुतीकरण समेत) द्वारा पदपूर्ति गर्नु पर्ने भएकाले तोकिएको म्यादभित्र Online मार्फत दरखास्त फाराम भर्न सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समय भित्र Online फाराम नभरिएको वा रितपुर्वक नभएका उम्मेदवार परीक्षामा सामेल हुन नपाउने तथा तोकिएको म्याद पश्चात फाराम भर्ने कुनै व्यवस्था नरहेको व्यहोरा समेत जानकारी गराइन्छ ।

### तपसिल

| क्र.सं. | विज्ञापन नं. | तह | पद | सेवा | समूह | पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १४।२०७५।७६ | १० | मुख्य प्रबन्धक | प्रशासन | प्रशासन | ३ | |
| २ | १५।२०७५।७६ | ९ | वरिष्ठ प्रबन्धक | प्रशासन | प्रशासन | ३ | |
| ३ | १६।२०७५।७६ | ९ | वरिष्ठ प्रबन्धक (सूचना प्रविधि) | प्रशासन | सूचना प्रविधि | १ | |
| ४ | १७।२०७५।७६ | ८ | प्रबन्धक | प्रशासन | प्रशासन | १४ | |
| ५ | १८।२०७५।७६ | ८ | प्रबन्धक (सूचना प्रविधि) | प्रशासन | सूचना प्रविधि | १ | |
| ६ | १९।२०७५।७६ | ७ | उप प्रबन्धक | प्रशासन | प्रशासन | २३ | |
| ७ | २०।२०७५।७६ | ७ | उप प्रबन्धक (लेखा) | प्रशासन | लेखा | १ | |
| ८ | २१।२०७५।७६ | ६ | सहायक प्रबन्धक | प्रशासन | प्रशासन | ४७ | |
| ९ | २२।२०७५।७६ | ५ | वरिष्ठ सहायक | प्रशासन | प्रशासन | ४२ | |
| १० | २३।२०७५।७६ | ५ | वरिष्ठ सहायक (सूचना प्रविधि) | प्रशासन | सूचना प्रविधि | १७ | |

१. **परीक्षा दस्तुर** : परीक्षा दस्तुर वापत तह ५ को रु.५००।– तह ६, ७, ८ र ९ को रु.७००।– र तह १० को रु.१०००।– यस बैंकको केन्द्रीय कार्यालय (१००) को **"आम्दानी अन्य"** को **"अन्य"** लेखा कोड नम्बर ९५९९०२००० हिसावमा सम्बन्धित कर्मचारीको कर्मचारी नं. उल्लेख गरी रकम जम्मा गरेको अर्धकट्टी भौचर Scan गरी Attach गर्नु पर्नेछ । यसरी Attach गरिएको भौचरमा Transaction ID स्पष्ट उल्लेख भएको हुनु पर्नेछ ।

२. Online दरखास्त फाराम भर्न **HRIS System** मा आफ्नो **User Login** गरी **Recruitment** को **Application form** मा गई विज्ञापन नं. छनौट गरी आफ्नो विवरण Online मार्फत भर्नु पर्नेछ ।

३. Online फाराम साथ सेवा अवधि तथा शैक्षिक योग्यता खुल्ने प्रमाणपत्र Attach गर्नु पर्नेछ ।

४. Online दरखास्त फाराम भर्ने अन्तिम मिति : Online दरखास्त फाराम सुरु हुने मिति २०७५।१२।२२ गतेले २१ (एक्काइस) दिन अर्थात २०७६।०१।१२ गते भित्र र दोब्बर दस्तुर तिरी थप ७ (सात) दिन अर्थात २०७६।०१।१९ गते सम्म दरखास्त फाराम भर्न सकिनेछ ।

५. परीक्षा मिति र परीक्षा केन्द्र : पछि प्रकाशित गरिने छ ।

६. उपरोक्त पदहरुको लिखित परीक्षा सञ्चालन लोक सेवा आयोगबाट हुनेछ ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**